


**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विकास मन्त्रालय, कृषि विभाग, कृषि ब्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- *गत एक महिनामा देशभर विभिन्न बजारहरुमा अनुगमन गरिएका प्राय खुद्रा मूल्यहरु न्यून रुपमा बृद्धि भएको पाइयो ।*
- *नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, २०६९ फागुन महिनामा राष्ट्रिय स्फीतिदर १०.२ प्रतिशतले बृद्धि भयो भने खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क गत वर्ष सोही समयको ४.२ प्रतिशत बृद्धिको तुलनामा ११.३ प्रतिशतले बृद्धि भयो ।*
- *यातायात सेवा सुचारु रुपमा सञ्चालन भएको हुनाले देशभर हाल सम्म आपूर्ति अवस्था सामान्य रहेको छ, ।*

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि विकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमित रुपमा अनुगमन गरिने बजारहरुमा प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्य गत एक महिनामा न्यून रुपमा बृद्धि भएको पाइयो । मोटा चामल र गहुँको पिठोको राष्ट्रिय औसत मूल्य क्रमशः १.९ प्रतिशत र २.४ प्रतिशतका दरले बृद्धि भई प्रति किलो रु. ३७.७ र ४०.८ भयो । यसैगरी, मास र मुसुरोको मूल्य क्रमशः १.८ र १.० प्रतिशतले बृद्धि भयो । गत एक महिनामा भटमासको तेलको मूल्य ३.१ प्रतिशतले बृद्धि भयो भने रातो आलुको मूल्य ११.४ प्रतिशतका दरले तीव्र रुपमा घट्यो । मूल्यमा भएको यो कमि मुख्यत बाली भिञ्चाउने समयमा आपूर्तिमा बृद्धि हुनाले भएको हो । २०६९ मंसिर र गत वर्ष यही समयको तुलनामा प्राय खाद्य बस्तुहरुको मूल्यहरुले बढ्दो प्रवृतिको संकेत गरे ।

क्षेत्रीय बजारहरुले राष्ट्रिय प्रवृति संग मिल्दोजुल्दो प्रवृति देखाए । उदाहरणका लागि सडक पहुँच भएका पहाडी तथा हिमाली बजारहरु र तराईका बजारहरुमा मोटा चामलको मूल्य न्यून रुपमा बृद्धि भयो भने मुख्य उपभोक्ता बजारहरुमा यसको मूल्य यथावत रह्यो । क्षेत्रीय बजारहरुमा गहुँको पिठोको मूल्यले बढ्दो प्रवृति देखायो । यद्यपि, मुसुरोको मूल्यले गत एक महिनामा मिश्रित प्रवृति देखायो ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका ठूला बजारहरु (बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढी) मा गत एक महिनामा मोटा चामल, मास र खानेतेलको थोक मूल्य न्यूनरुपमा बृद्धि भयो । कालीमाटी फलफूल तथा तरकारी बजारमा फलफूल तथा तरकारीको थोक मूल्यले मौसमी रुपमा हुने उतारचढाव देखायो । उदाहरणका लागि, बन्दा, मुला, गाँजर, पालुङ्गो र रायो जस्ता मौसमी तरकारीहरुको मूल्य १५ प्रतिशत भन्दा बढीका दरले घट्यो । यसैगरी, गत केही महिनाहरुमा तीते करेला, घ्यू सीमी र सुकेको प्याज जस्ता तरकारीहरुको मूल्य तीव्र रुपमा बृद्धि भए पश्चात यी बस्तुहरुको मूल्य बिस्तारै कम हुदै गएको छ । यद्यपि, फर्सी, अुदवा, र काक्रो जस्ता हाल मौसम नभएका तरकारीहरुको मूल्य भने ६ प्रतिशत भन्दा बढीका दरले निरन्तर रुपमा बृद्धि भएको छ ।

नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो समग्र आर्थिक अवस्थाको प्रतिवेदन अनुसार २०६९ फागुन महिनामा वार्षिक स्फीतिदर गत वर्ष सोहि समयको ७.० प्रतिशत बृद्धिको तुलनामा १०.२ प्रतिशतले बृद्धि भयो । खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क ४.२ प्रतिशत न्यून बृद्धिको तुलनामा ११.३ प्रतिशतले तीव्र रुपमा बृद्धि भयो भने अन्नहरुको मूल्य सूचकाङ्क १२.९ प्रतिशतले बृद्धि भयो । यातायातको मूल्य सूचकाङ्क गत वर्ष यही समयको १७.० प्रतिशत बृद्धिको तुलनामा ८.४ प्रतिशतले मध्यमस्तरीय रुपमा बृद्धि भयो ।

### आपूर्ति

देशभर यातायात सेवाहरु सूचारु रुपमा सञ्चालन भएको हुनाले हाल सम्म आपूर्ति अवस्था सामान्य रहेको छ । यसको फलस्वरुप पहाडी तथा हिमाली बजारहरुमा मुख्य खाद्य बस्तुहरुको आपूर्तिमा सुधार आएको छ ।

### पूर्वानुमान

मोटा चामल जस्ता मुख्य खाद्य बस्तुहरुको उच्च मूल्य कायमै रहने अनुमान छ । यसैगरी, आउँदो बाली नभिञ्चाए सम्म हाल मौसम नभएका खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ । यद्यपि, बाली भिञ्चाउने क्रममा भएका गहुँ र जौं जस्ता बालीहरुको मूल्य भने घट्ने अनुमान छ ।

बाली भिञ्चाउने समय नजिकिदै आएको हिउँदे बालीको पूर्वानुमान सामान्य रहेको छ र गत वर्षको तुलनामा उत्पादनमा न्यूनरुपमा बृद्धि हुने अनुमान छ । यसले देशभर विशेष गरी मध्य तथा सुदूर पश्चिमी पहाडी तथा हिमाली क्षेत्रमा खाद्यान्न उपलब्धता बढाउने अनुमान छ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| गोलभेडा, फर्सी, अदुवा र लसुन | विभिन्न | >१२ | उत्पादन कम हुनुका साथै मौसम नभएको हुनाले आपूर्तिमा कमि |
| रातो आलु | २७.२ | -११.४ | बाली भिञ्चाउने समय भएको हुनाले आपूर्तिमा बृद्धि |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




† मूल्यहरु २०६९ फागुन महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिइएको बजारहरुबाट लिइएको हो । तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- फागुन, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३६.० | ०.० | ०.० | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ५.९ | ५.९ | २.९ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १४३.० | ०.० | -१.४ | ७.५ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३१०.० | १२.७ | ४४.२ | ३७.८ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १६७.० | ०.० | -१३.५ | २१.९ | ▶ | ▼ | ▲ |
| | मास | ११३.० | ०.० | ०.० | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ३.० | ०.० | २४.१ | ▶ | ▶ | ▲ |
| | आलु | २७.० | -१५.६ | -२७.० | २२.७ | ▼ | ▼ | ▲ |
| पोखरा | मोटा चामल | ४२.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | २०.० | २३.५ | २७.३ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ३.४ | २०.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | ३००.० | -६.३ | ७.१ | ३.४ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | १.७ | ११.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०५.० | ०.० | १०.५ | २३.५ | ▶ | ▲ | ▲ |
| | आलु | ३०.० | -१४.३ | -४०.० | ३०.४ | ▼ | ▼ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ३०.० | ०.० | ०.० | ८.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३७.० | २.८ | ५.७ | ३०.६ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १३५.० | ०.० | -३.६ | १.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | २.६ | ४०.० | १६.७ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | २१.४ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९०.० | -१८.२ | -१८.२ | २८.६ | ▼ | ▼ | ▲ |
| | आलु | ३०.० | ०.० | -२५.० | ११९.५ | ▶ | ▼ | ▲ |
| बिरगंज | मोटा चामल | ३७.० | २.८ | ८.८ | १९.४ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३६.० | -२.७ | २.९ | १६.१ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १६५.० | ६.५ | ८.६ | २२.२ | ▲ | ▶ | ▲ |
| | कुखुराको मासु | ३००.० | ०.० | २५.० | ३६.४ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १९०.० | ५.६ | ५.६ | ३१.० | ▲ | ▶ | ▲ |
| | मास | १०३.० | ३.० | ३.० | ३.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -९.१ | ३३.३ | ▶ | ▶ | ▲ |
| | आलु | १६.० | -२०.० | -२७.३ | १४.३ | ▼ | ▼ | ▶ |
| नेपालगंज | मोटा चामल | ३५.० | २.९ | १६.७ | २५.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | ३२.० | ०.० | २८.० | ०.० | ▶ | ▲ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | २१.७ | ५.० | ▶ | ▲ | ▶ |
| | कुखुराको मासु | २८०.० | -६.७ | ४०.० | ०.० | ▼ | ▲ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | ११.१ | २९.० | ▶ | ▲ | ▲ |
| | मास | १३०.० | ०.० | १३.० | ५९.२ | ▶ | ▲ | ▲ |
| | मुसुरो | १००.० | ०.० | ३३.३ | ४२.९ | ▶ | ▲ | ▲ |
| | आलु | २०.० | -३७.५ | -२०.० | -७.७ | ▼ | ▼ | ▶ |
| धनगढी | मोटा चामल | ४०.० | १४.३ | २१.२ | ६.७ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ३३.० | १.२ | ३.१ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३०.० | -३.७ | २.४ | ८.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ५.६ | २०.० | ३०.४ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १६७.० | -५.१ | -०.६ | १२.८ | ▼ | ▶ | ▶ |
| | मास | १३६.० | १.५ | ३.० | -५.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -१२.० | ▶ | ▶ | ▶ |
| | आलु | १५.० | -४०.० | -४०.० | -२५.० | ▼ | ▼ | ▼ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु /केजि नेरु | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | २८.० | ०.० | -३.४ | १२.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ५९.१ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ०.० | -३.४ | ५५.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ०.० | १८.२ | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १७०.० | ०.० | -१२.८ | १३.३ | ▶ | ▼ | ▶ |
| | मास | १२५.० | ०.० | ४.२ | १९.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | ११०.० | ०.० | ४.८ | ५.८ | ▶ | ▶ | ▶ |
| | आलु | २०.० | -१६.७ | -२०.० | ४२.९ | ▼ | ▼ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३३.० | ०.० | ०.० | २२.२ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३०.० | -१४.३ | -१४.३ | -१६.७ | ▼ | ▼ | ▼ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | ०.० | -७.१ | ८.३ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | -४.२ | ०.० | ४३.८ | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | -१४.३ | -३३.३ | २०.० | ▼ | ▼ | ▲ |
| रोल्पा | मोटा चामल | ४०.० | ०.० | ०.० | २१.१ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४५.० | -१८.२ | - | २८.६ | ▼ | - | ▲ |
| | भटमासको तेल | १८०.० | २८.६ | - | २८.६ | ▲ | - | ▲ |
| | कुखुराको मासु | ३००.० | ११.१ | - | ११.१ | ▲ | - | ▶ |
| | मास | १२०.० | २०.० | - | २६.३ | ▲ | - | ▲ |
| | मुसुरो | ११०.० | ०.० | - | १५.८ | ▶ | - | ▲ |
| | आलु | २५.० | ०.० | - | ०.० | ▶ | - | ▶ |
| साँफेबगर | मोटा चामल | ३५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ५०.० | ३८.९ | ३१.६ | ४२.९ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | १२.५ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | - | -८.३ | ▶ | - | ▶ |
| | आलु | ५०.० | ०.० | ०.० | ६६.७ | ▶ | ▶ | ▲ |
| जुम्ला | मोटा चामल | ५०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १८०.० | ०.० | ०.० | ५.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३८०.० | ०.० | ८.६ | १८.८ | ▶ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | - | ०.० | ०.० | - | ▶ | ▶ |
| | आलु | ३०.० | ०.० | ०.० | -२५.० | ▶ | ▶ | ▼ |
| बाजुरा | मोटा चामल | ३५.० | ६.१ | ६.१ | १२.९ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ५.० | १६.७ | ३१.३ | ▶ | ▲ | ▲ |
| | सीमी | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २३०.० | ०.० | ०.० | -४.२ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ९.१ | २०.० | ▶ | ▶ | ▲ |
| | मास | ०.० | - | - | - | - | - | - |
| | मुसुरो | ०.० | - | - | - | - | - | - |
| | आलु | ५०.० | ०.० | २५.० | ६६.७ | ▶ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १२०.० | २०.० | ९.१ | ३३.३ | | ▶ | ▲ |
| | गहुँको पिठो | १२०.० | ०.० | -७.७ | -७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २३०.० | -४.२ | ०.० | १५.० | ▶ | ▶ | ▶ |
| | सीमी | १६०.० | -२०.० | -३६.० | -२०.० | ▼ | ▼ | ▼ |
| | मास | २३०.० | १५.० | ०.० | १५.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | २५०.० | ०.० | ८.७ | ९२.३ | ▶ | ▶ | ▲ |
| | आलु | ३५.० | १६.७ | ०.० | -१२.५ | ▲ | ▶ | ▶ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।


यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ । थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।